म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

२०७३

बागमती प्रदेश

## खडा रुखको डाँक बढाबढद्धारा लिलाम बिक्रीको सूचना।

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/६/३**

डिबिजन वन कार्यालय, नुवाकोटकाको मिति २०७७/५/२१ गतेको कटान सहमति अनुसार म्यागङ ३ स्थित यस गाउँपालिकाको जग्गामा रहेको खडा उतिस लगायतका रुखहरुको मूल्याङ्कन हुँदा यकिन हुन आएको अनुमानित निम्नानुसारको परिमाणको काठ र दाउरा डाँक बढाबढद्धारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले डाँक बढाबढमा भाग लिने जानकारी गरिन्छ।

<u>तपसिल</u>

१. वन पैदावारको विवरण र मूल्याङ्कन

| क्र.सं. | वन पैदावारको विवरण | | | | मूल्याङ्कन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | जात | किसिम | थान | काठ (क्यू.फिट) | काठको न्यनत्तम मूल्य रु. | दाउरा (चट्टा) | दाउराको न्यूनत्तम मूल्य रु. | |
| १ | उतिस | खडा रुख | ९४ | २४०.५९ | २४०५९.०० | १.०३ | ४१२०.०० | रुख कटान मुछान र घाटगद्दी सम्म ढुवानी गर्दा लाग्ने खर्च स्वयम् सकारकर्ताले आफै व्यहोर्नु पर्नेछ। |
| २ | झिंगाने | | ९ | ४.९५ | ३७१.२५ | | | |
| ३ | अङ्केरी | | १ | ०.०० | ०.०० | | | |
| ४ | काउलो | | १ | ९.३४ | ७००.५० | | | |
| | | कूल जम्माः | १०५ | २५४.८८ | २५१३०.७५ | १.०३ | ४१२०.०० | |

२. डाँक बढाबढ हुने स्थान, मिति, समय

(क) स्थानः गाउँ कार्यपालिकाको कम्पाउण्ड (ख) मितिः २०७७/६/१७ गते (ग) समयः दिनको १:०० बजे।

३. डाँक बढाबढ न्यूनत्तम मूल्यबाट शुरु गरिनेछ। कटान मुछान ढुवानी आदिको खर्च स्वयम आफैले व्यहोर्नु पर्नेछ।

४. लिलाम सकार गर्न डाँक बोल्ने सबैले डाँका बोल्नु पूर्व न्यूनत्तम मूल्यको ५%(प्रतिशत) ले हुने नगद धरौटी राख्नु पर्नेछ। डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ।

५. लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ।

६. लिलाम बढाबढ हुने रुख यस कार्यालयको नाममा रहेको म्यागङ गा.पा. ३ मानेचेतमा गइ गाउँपालिकाको कर्मचारीको सहयोगमा हेर्न सकिनेछ।

७. सहमति अनुसारका रुख कटान मुछान भई उत्पादन हुन आएका गोलिया काठ/दाउँरा मूल्याङ्कन भन्दा बढी हुन आएमा बढन आएका परिमाण समेतको रकम दाखिला गर्नेपर्नेछ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर र अन्य नियमानुसार लाग्ने कर समेत बुझाई सक्नुपर्नेछ।

९. अन्य आवश्यक थप जानकारी प्रचलित ऐन, नियम अनुसार हुनेछ।

पवन कुमार प्याकुरेल ६.२

प्रमुख प्रशासकीय अधिकृत